# अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७५

जिल्ला समन्वय समिति, रसुवा

२०७५ भाद्र

## अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७५

रसुवा जिल्लामा स्थापना गरिएकासरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुद्वारा सञ्चालित विकास तथा निर्माणसँग सम्बन्धित कृयाकलापहरुलाई प्रभावकारी बनाउन कार्यक्रम तर्जुमा तथा कार्यान्वयनको चरणमा अनुगमन तथा कार्यक्रम सम्पन्न भएपश्चात् मूल्याङ्कन गर्न आवश्यक देखिएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ (४) ले दिएको अधिकार प्रयोग गरी रसुवा जिल्लाको दोस्रो जिल्ला सभाबाट अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७५जारी गरिएको छ।

### खण्ड क ╛ नाम तथा परिभाषा

**१╙ संक्षिप्त नाम र प्रारम्भः**(१) यो कार्यविधिको नाम अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७५ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२╙ परिभाषाः**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"सरकारी कार्यालय" भन्नाले रसुवा जिल्लामा नेपालको संविधान तथा सो अन्तर्गत बनेका अन्य कानूनद्वारा स्थापना गरिएका कार्यालयहरु, संघीय तथा प्रार्देशिक सरकारका जिल्लास्थित कार्यालयहरु, स्थानीय सरकारका कार्यालयहरु र नेपाल सरकारको आर्थिक तथा व्यवस्थापकीय नियन्त्रण रहेका अन्य कार्यालयहरुलाई जनाउँछ।

(ख)"विकास तथा निर्माण" भन्नाले रसुवाली जनताको आर्थिक, सामाजिक तथा साँस्कृतिक समृद्धिका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रद्वारा सञ्चालन गरिएका वा भविश्यमा सञ्चालन गरिने पूर्वाधार विकास, क्षमता अभिवृद्धिमूलक, आय अभिवृद्धि र स्वरोजगारी एवम् रोजगारीमूलक कार्यक्रमहरु, सीप विकास र सचेतनामूलक विकासका कृयाकलापहरुलाई बुझिन्छ ।

(ग)"अनुगमन"भन्नाले खण्ड (ख) मा उल्लेख गरिएका कार्यक्रमहरु सञ्चालन हुनुपूर्व वा सञ्चालनकै क्रममा स्थलगत रुपमा कार्यक्रम तर्जुमा प्रकृयाको बारेमा चरणबद्ध रुपमा

सहभागी हुने, सूचना तथा तथ्याङ्क लिने, निर्णयकर्ता वा लाभग्राही वा सरोकारवालाको सार्वजनिक वा गोप्यरुपमा सामूहिक वा एकल विचार बुझ्ने र उक्त सबै कृयाकलापहरुको तस्विर लिने र अभिलेख राख्ने सम्मको गतिविधिलाई जनाउँछ ।

(घ)"मूल्याङ्कन" भन्नाले उपदफा (२) को खण्ड (ख) मा उल्लेख गरिएका कार्यक्रमहरु सम्पन्न भइसकेपछि सञ्चालित कार्यक्रमले सम्बन्धित समुदाय वा क्षेत्रमा अपेक्षित प्रभाव पारे वा नपारेको सम्बन्धमा गरिने सघन अध्ययनलाई जनाउँछ।

(ङ)"जिल्ला" भन्नाले रसुवा जिल्लालाई जनाउँछ।

(च)"प्रदेश" वा "प्रदेश सभा" वा "प्रदेश सरकार" भन्नाले प्रदेश नं ३ लाई जनाउँछ । भविश्यमा प्रदेश नं ३ को नामाकरण परिवर्तन भएको सन्दर्भमा उल्लिखित शब्दहरुले प्रदेश नं ३ को परिवर्तित नामलाई नै जनाउनेछ ।

## खण्ड ख - अनुगमन प्रकृया

(३) अनुगमन प्रकृयाः (१) जिल्ला समन्वय समितिले प्रत्येक वर्ष श्रावण महिनाभित्र वार्षिक जिल्ला अनुगमन कार्ययोजना तर्जुमा गर्नेछ।

(२) उपदफा (१) बमोजिम जिल्ला समन्वय समितिले वार्षिक अनुगमन कार्ययोजना तर्जुमा गर्दा जिल्लाभित्रका सरकारी, गैरसरकारी र निजी क्षेत्रसँग छलफल कार्यक्रमको आयोजना गरी रायसुझाव सङ्कलन गर्नुपर्नेछ।

(३) जिल्ला समन्वय अधिकारीले उपदफा (२) बमोजिमको छलफल कार्यक्रममा गत आर्थिक वर्ष अनुगमन गर्दा देखापरेका विधिगत पक्षहरुबारे जानकारी गराउनुपर्नेछ।

(४) जिल्लाभित्रका गाउँपालिकाहरुले सम्बन्धित गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा गठन गरिने अनुगमन समितिको वार्षिक अनुगमन कार्ययोजनासँग मेल खाने गरी जिल्ला अनुगमन कार्ययोजना तर्जुमा गर्न सक्नेछन् ।

(५)दफा (४),(५) र (६) अनुरुप गठन गरिने अनुगमन टोलीले आयोजना वा कार्यक्रमगत रुपमा छुट्टाछुट्टै अनुगमन सूचक तयार गर्नुपर्नेछ। उक्तानुसार तयार गरिएको सूचकलाई

टोली संयोजकले अनुगमन कार्यको लागि फिल्डमा जानु अगाडि नै जिल्ला समन्वय समितिबाट स्वीकृत गराउनुपर्नेछ।

(६) अनुगमन कार्यको लागि आवश्यक पर्ने बजेट तथा अन्य श्रोतसाधनहरु जिल्ला समन्वय समितिको कार्यालयले व्यवस्था गर्नेछ।

**(३)सरकारी कार्यालयहरुको अनुगमन गर्ने प्रकृयाः** जिल्लास्थित सरकारी कार्यालयहरुद्वारा सञ्चालित विकास तथा निर्माणसँग सम्बन्धित अनुगमन गर्दा देहायबमोजिमको प्रकृया अवलम्बन गरिनेछः

(१) जिल्ला समन्वय समितिका प्रमुख वा निजले तोकेको सदस्य वा जिल्ला समन्वय अधिकारीको नेतृत्वमा अनुगमन टोली गठन गरिनेछ ।

(२) अनुगमन टोलीले स्थानीय सरकारद्वारा सञ्चालित आयोजना वा कार्यक्रमको अनुगमन गर्नुपर्ने भएमाटोलीमा सम्बन्धित गाउँपालिकाको उपाध्यक्ष पदेन सदस्य रहनेछ ।

(३) अनुगमन टोलीमा जिल्ला समन्वय समितिका प्रमुखले तोके बमोजिमका व्यक्तिहरु समावेश हुनेछन् ।

(४) अनुगमन टोलीको व्यवस्थापन तथा प्रतिवेदन गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिका अधिकृतस्तरका प्राविधिक वा अप्राविधिक कर्मचारीले गर्नेछन् ।

**(४)गैरसरकारी संस्थाहरुको अनुगमन गर्ने प्रकृयाः**जिल्ला सहजिकरण समिति वा संघीय वा प्रार्देशिक निकायहरु वा सम्बन्धित गाउँपालिकाबाट स्वीकृति प्राप्त गरी गैरसरकारी संस्थाबाट सञ्चालित यस जिल्लाको विकास तथा निर्माणसँग सम्बन्धित कार्यक्रमहरुको अनुगमन गर्दा देहायबमोजिमको प्रकृया अवलम्बन गरिनेछः

(१) जिल्ला समन्वय समितिका प्रमुख वा निजले तोकेको सदस्य वा जिल्ला समन्वय अधिकारीको नेतृत्वमा अनुगमन टोली गठन गरिनेछ ।

(२) अनुगमन टोलीले जुन स्थानीय सरकारको कार्यक्षेत्र भएको स्थानमा सञ्चालित गैरसरकारी संस्थाद्वारा सञ्चालित आयोजना वा कार्यक्रम हो सो स्थानीय तहको उपाध्यक्ष टोलीको पदेन

सदस्य रहनेछ। सम्बन्धित गाउँपालिकाका अध्यक्षले तोकेका निर्वाचित प्रतिनिधिहरुसमेत उक्त टोलीमा समावेश हुन सक्नेछन् ।

(३) अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालयका एकजना अधिकृत प्रतिनिधि र गैरसरकारी संस्था महासंघका जिल्लास्थित प्रतिनिधि सदस्यको रुपमा फिल्डमा खटिनेछन् ।

(४) अनुगमन टोलीको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित गैरसरकारी संस्थाको हुनेछ । प्रतिवेदन तयार गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिका अधिकृतस्तरका प्राविधिक वा अप्राविधिक कर्मचारीले गर्नेछन् ।

**(५)निजी क्षेत्रद्वारा सञ्चालित विकास तथा निर्माण कार्यको अनुगमन गर्ने प्रकृया**ःनिजी क्षेत्रले आफ्नो व्यवसायिक⅃सामाजिक उत्तरदायित्व अन्तर्गत वा प्रभावित क्षेत्रको विकासका लागि पुर्याउने सामाजिक भूमिका अन्तर्गतका कार्यक्रमहरुको अनुगमन गर्दा देहायको प्रकृया अवलम्बन गरिनेछः

(१) जिल्ला समन्वय समितिका प्रमुख वा निजले तोकेको सदस्य वा जिल्ला समन्वय अधिकारीको नेतृत्वमा अनुगमन टोली गठन गरिनेछ ।

(२) अनुगमन टोलीमा सम्बन्धित गाउँपालिकाको उपाध्यक्ष पदेन सदस्य रहनेछ । सम्बन्धित गाउँपालिकाका अधयक्ष वा निजले तोकेका निर्वाचित प्रतिनिधिहरु तथा स्थानीय प्रभावितहरुमध्येबाट एकजनासमेत उक्त टोलीमा समावेश हुन सक्नेछन् ।

(३) अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालयका एकजना अधिकृत प्रतिनिधि र जिल्ला प्रहरी कार्यालयबाट एक जना अधिकृत प्रहरी कर्मचारी प्रतिनिधि रहनेछन् ।

(४) अनुगमन टोलीको व्यवस्थापन तथा प्रतिवेदन गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिका अधिकृतस्तरका प्राविधिक वा अप्राविधिक कर्मचारीले गर्नेछन् ।

## खण्ड ग ⅃ मूल्याङ्कन

**(६) आयोजना वा कार्यक्रमको मूल्याङ्कन गराउनु पर्नेः**(१) जिल्लास्थित सरकारी कार्यालय तथा गैरसरकारी संस्थाहरुले सम्पन्न गरेका रु⅂ बीसलाख भन्दा माथिको लागत भएका आयोजना

वा कार्यक्रमहरुको आयोजना वा कार्यक्रम सम्पन्न भएको १ वर्षपछि २ वर्षभित्रै जिल्ला समन्वय समितिको संयोजनमा मूल्याङ्कन गराउनु पर्नेछ ।

(२)उपदफा (१) बमोजिम मूल्याङ्कन गर्ने प्रयोजनको लागि जिल्ला समन्वय समितिले प्रत्येक वर्षको श्रावण मसान्तभित्र गत आर्थिक वर्षमा जिल्लाभर सम्पन्न भएका रु└ बीसलाखभन्दा माथि लागत भएका आयोजना र कार्यक्रमहरुको विवरण तयार गर्नेछ ।

(३) जिल्ला समन्वय समितिले उपदफा (२) बमोजिम तयार गरिएको विवरणबाट आर्थिक, सामाजिक तथा वातावरणीय रुपमा उच्च महत्व राख्ने पाँचवटा आयोजना वा कार्यक्रमहरु छानी विज्ञ संस्था वा व्यक्तिको सहयोगमा बढीमा ६ महिनाभित्र ५ वटै आयोजना वा कार्यक्रमहरुको मूल्याङ्कन गराउनुपर्नेछ ।

(४) मूल्याङ्कन प्रतिवेदन तयार भएपछि जिल्ला समन्वय समितिले यस कार्यविधिको खण्ड घ अनुरुप हुने गरी उपयोग र सार्वजनिकिकरण गर्नुपर्नेछ ।

(५)पाँचवटा उच्च महत्वका आयोजना वा कार्यक्रमको मूल्याङ्कन गर्न लाग्ने लागत अनुमान गरी जिल्ला समन्वय समितिले प्रदेश सरकारसँग आवश्यक बजेट निकासाको लागि माग गर्नेछ । बजेट प्राप्त भएपछि अविलम्ब मूल्याङ्कन कार्य प्रारम्भ गर्नु जिल्ला समन्वय समितिको कार्यालयको जिम्मेवारी हुनेछ ।

## खण्ड घ ┘ प्रतिवेदन तयारी, विश्लेषण, उपयोग र सार्वजनिकिकरण

**(७) प्रतिवेदन तयारीः**(१)खण्ड ख बमोजिम अनुगमन कार्यको प्रतिवेदन तयारी गर्ने मुलभुत जिम्मेवारी जिल्ला समन्वय समितिको कार्यालयको हुनेछ ।

(२) साधारणतयाः अनुगमन प्रतिवेदन अनुगमन सकिएको १० दिनभित्र तयार गरिसक्नुपर्नेछ । विशेष परिस्थिति उत्पन्न भइ तोकिएको समयमा प्रतिवेदन तयार गर्न नसकिएमा जिल्ला समन्वय समितिको प्रमुखले सातदिनसम्म म्याद थप गर्न सक्नेछ ।

(३)प्रतिवेदन नेपाली भाषामा तयार गर्नुपर्नेछ । तर, कुनै कारणले स्थानीय जनतालाई प्रतिवेदनमा उल्लेख गरिएका विषयहरु स्थानीय भाषामा आवश्यक परेमा सम्बन्धित स्थानीय

तहको सहयोगमा प्रतिवेदन तयारी गर्ने अधिकृत कर्मचारीले प्रतिवेदन पुरै वा आँशिक भागलाई स्थानीय भाषामा रुपान्तरण गराउनुपर्नेछ ।

(४) प्रतिवेदन तयार गर्दा अनुगमनको क्रममा सङ्कलन गरिएका सूचना, तथ्याङ्कहरु तथा स्थानीय सरोकारवाला एवम् लाभग्राहीहरुका विचारहरुसमेतलाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

(५) प्रतिवेदनको ढाँचा अनुगमन टोलीले तोके बमोजिम हुनेछ ।

**(८) प्रतिवेदनको विश्लेषणः**(१) प्रतिवेदन तयार भएपछि सोउपर जिल्ला समन्वय समितिको बैठकमा छलफल गरिनेछ ।

(२) जिल्ला समन्वय समितिमा प्रतिवेदन उपर छलफल गर्न अनुगमन गरिएको निकायको जिम्मेवार पदाधिकारी तथा अनुगमन गरिएको आयोजना वा कार्यक्रमसँग सम्बन्धित विषयविज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) प्रतिवेदनमाथि जिल्ला समन्वय समितिको बैठकमा छलफल भएपछि जिल्ला समन्वय अधिकारीले प्राप्त सल्लाह र सुझावहरुलाई सङ्कलन गरी प्रतिवेदनको अंश बनाउनुपर्नेछ ।

(४) प्रतिवेदनको अन्तिम संस्करणलाई जिल्ला समन्वय समितिका प्रमुखबाट स्वीकृति प्रदान नगरेसम्म सम्बन्धित निकायलाई जानकारी गराइने छैन ।

**(९) उपयोगः** (१) प्रतिवेदनमा उल्लेख गरेका विषयवस्तुहरुलाई अनुगमन गरेको निकायले ७ दिनभित्र प्राप्त गरिसक्ने गरी जिल्ला समन्वय समितिका प्रमुखको लिखित निर्देशनमा जिल्ला समन्वय समितिको कार्यालयले प्रेषित गर्नेछ ।

(२) सम्बन्धित निकायले प्रतिवेदन प्राप्त भएपछि तुरुन्तै सम्बन्धित कार्यक्रम वा आयोजना वा शाखा प्रमुखलाई आवश्यक कार्यार्थ पठाउनुपर्नेछ ।

(३) प्रतिवेदनमा उल्लेख गरेका विषयवस्तुहरुउपर दिइएका सुझावहरु अक्षरसः पालना गर्ने गराउने दायित्व अनुगमन गरिएका निकायका प्रमुखको हुनेछ ।

(४) उपदफा ३ अनुरुप सुझावहरु कार्यान्वयन भए|नभएको सम्बन्धमा जिल्ला समन्वय समितिले थप अनुगमन गर्न सक्नेछ । यसरी गरिने अनुगमनमा सहयोग गर्नु सम्बन्धित निकायका प्रमुखको दायित्व हुनेछ ।

(५) कुनै कारणवशः सुझाव कार्यान्वयन गर्न नसक्ने भएमा सम्बन्धित निकायले जिल्ला समन्वय समितिलाई सुझाव प्राप्त भएको मितिले ७ दिनभित्र लिखित जानकारी गराउनुपर्नेछ ।

**(१०)सार्वजनिकिकरणः**(१) अनुगमन टोलीले अनुगमनको क्रममा तयार गरिएका कुनैपनि प्रकारका टिपोटहरु सार्वजनिक गर्नुहुँदैन ।

(२) प्रतिवेदनउपर जिल्ला समन्वय समितिमा पर्याप्त छलफल भई प्राप्त सुझावहरुलाई प्रतिवेदनको अंश बनाई जिल्ला समन्वय समितिका प्रमुखबाट स्वीकृति प्रदान नगरेसम्म सार्वजनिक गर्नुहुँदैन ।

(३)अनुगमन गरिएको सम्बन्धित निकायले अनुगमन टोलीको पूर्वस्वीकृति नलिई अनुगमन प्रतिवेदनलाई सार्वजनिक गराउने छैनन् ।

(४) जिल्ला समन्वय समितिले प्रत्येक ६|६ महिनामा एकपटक अनुगमन प्रतिवेदन उपर छलफल कार्यक्रमको आयोजना गरी प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

(५) जिल्ला समन्वय अधिकारीले प्रत्येक वर्ष आयोजना गरिने वार्षिक समीक्षा गोष्ठिमा वर्षभरी गरेका अनुगमन प्रतिवेदनहरुको साराँशपेश गर्नुपर्नेछ ।

(६) अनुगमन प्रतिवेदनको कारण जिल्लाभित्र सञ्चालन गरिने कुनै पनि विकास तथा निर्माणसँग सम्बन्धित संस्था वा पदाधिकारीलाई सुरक्षाजन्य खतरा आउन सक्ने देखिएमा जिल्ला समन्वय समितिले कुनै अनुगमन प्रतिवेदनलाई समय किटान गरी अवधी तोकी गोप्य राख्न सक्नेछ ।

## खण्ड ङ ⅃ विविध

**(११)अनुगमन कार्यविधिको पालना गर्नुपर्नेः**यो जिल्ला अनुगमन कार्यविधि, २०७५ को पालना गर्नु जिल्लास्थित सबै सरकारी, गैरसरकारी र निजी क्षेत्रको कर्तव्य हुनेछ ।

**(११) अनुसरण गर्नुपर्नेः**जिल्लास्थित गाउँपालिकाहरुमा स्थापना गरिने अनुगमन समितिहरुले यस कार्यविधिलाई मार्गदर्शक कार्यविधिको रुपमा अनुसरण गर्नेछन् ।

**(१२) संशोधनः**यस कार्यविधिमा उल्लेख गरिएका विषयवस्तुहरु जिल्ला सभाबाट मात्र संशोधन हुनेछन् । कुनै कारणले यस कार्यविधिको कानूनी व्याख्या गर्नुपर्ने अवस्था आएमा नेपालको संविधान २०७२ तथा अन्य प्रचलित कानून बमोजिम स्थापना गरिएका न्यायिक निकायहरुबाट मात्र गरिनेछ ।

**(१३)अन्यः**यो कार्यविधिमा जे सुकै कुरा लेखिएको भए तापनि संघीय वा प्रार्देशिक कानूनले अन्य व्यवस्था गरेकोमा सोहि अनुरुप नै हुनेछ ।